Nepali

# IEP प्रक्रियाको बारेमा सामान्य प्रश्नहरू

**यो कागजात Metro Nashville Public Schools र Exceptional Education Family Advisory Council.को Exceptional Education Department द्वारा सह लेखक गरिएको छ | कुनै प्रश्नहरु भएमा EE Dept लाई EEQUESTIONS@mnps.org मा पठाउनुहोस् |**

IEP एक वा बढी अपांगता भएको विद्यार्थीको लागि लिखित कागजात हो जुन कम्तीमा पनि वार्षिक रुपमा IEP टिम द्वारा विकास, समीक्षा र संशोधित गरिएको छ। फेडरल र स्टेट कानुन र नियमहरू प्रत्येक विद्यार्थीको IEP मा दस्तावेज हुनैपर्ने जानकारी निर्दिष्ट गर्दछ र स्कूल वर्षको सुरुवातमा IEP हुन आवश्यक गराउछ। यो कागजातले अभिभावकहरूलाई उनीहरूको अधिकार जान्नको लागि सशक्तिकरण गर्न IEP प्रक्रियामा गरिएको सबै भन्दा साधारण गल्तिहरुलाई सम्बोधन गर्दछ |

1. मैले IEP मिटिंगको लागि अनुरोध गर्न कहिले गर्न सक्छु?
    - अभिभावक वा कुनै पनि IEP टिमको सदस्यले कुनै पनि समयमा IEP बैठक अनुरोध गर्न सक्छ |

2. के बैठक निश्चित दिन वा समयमा हुनुपर्छ?
    - समय र स्थान सहमतिको रुपमा सेट अप गर्नु पर्छ। अभिभावकलाई दिन / समय विकल्पहरू प्रस्ताव गरिनेछ र अभिभावकलाई मिल्ने समय अनुसार एक भन्दा बढी विल्कपहरु प्रदान गरिनेछ। दश दिनको नोटिसको आवश्यक हुन्छ |

3. IEP मिटिंगमा को उपस्थित हुनुपर्दछ?
    - IEP टिमका सदस्यहरू विशेष शिक्षा शिक्षक/शिक्षिका, सामान्य शिक्षा शिक्षक/शिक्षिका, एक स्कूल व्यवस्थापक, अभिभावक र यदि उपयुक्त भएमा १४ वर्ष भएको विद्यार्थी समावेश हुनैपर्छ |
    - यदि जाँचको परिणाम र / वा सम्बन्धित सेवा प्रदायक (SLP, OT, PT,दृष्टि, सुनवाई आदि) द्वारा आवश्यक गरिएको छ र यदि विद्यार्थीले उनीहरुको सेवा प्राप्त गरेको छ भने टिममा मनोवैज्ञानिक पनि समावेश हुन सक्छ।

4. मेरो बच्चाको IEP मिटिंगमा म संग को ल्याउन सक्छु?
    - अभिभावकहरुले आफ्नो बच्चाको IEP मिटिंगमा उपस्थित हुन चाहानुहुने कसैलाई पनि ल्याउन वा निमन्त्रणा गर्न सक्छन् |
    - मिटिंगको समयमा अभिभावकको साथ आउने व्यक्तिको बारेमा थाहा दिनु पर्ने अभिभावकको जिम्मेवारी हो।

5. IEP मिटिंगको लागि कति समय आवंटित गर्नुपर्छ वा मिलाउनु पर्दछ?
    - एक अनुदेशात्मक उपयुक्त IEP को विकास गर्नको लागी चाहिने समय विद्यार्थीको अदितिय आवश्यकताहरुमा भर पर्छ र IEP को विकासमा अभिभावकलाई अर्थपूर्ण सहभागिता प्रदान गर्नुपर्छ।
    - मिटिंगको सुरुवातमा, टोलीहरूले मिटिंग कति समय लाग्न सक्छ भन्ने बारेमा सूचित गर्नु पर्छ र स्कूलहरुमा सबै विद्यार्थीहरूले उनीहरूको निर्देशन, समर्थन र सेवाहरू प्राप्त गर्दैछन् भनेर सुनिश्चित गर्नु पर्छ। यदि कुनै पनि टिमको सदस्यलाई थप समयको आवश्यक पर्छ भने, मिटिंग अर्को समयमा माथीको नम्बर २ को प्रावधान अनुसार पुनर्स्थापित गरिनेछ।

6. के मलाई IEP मिटिंग अघि ड्राफ्ट प्रतिलिपि प्रदान गर्नुपर्दछ?
    - सर्वश्रेष्ठ अभ्यास भनेको अभिभावकलाई प्रस्तावित IEP को एक ड्राफ्ट प्रतिलिपि प्रदान गर्नु हो। ड्राफ्ट आवश्यक गराउनको लागी स्टेट कानून विकास हुँदैछ। अभिभावकलाई प्रस्तावित शैक्षिक प्रदर्शनको हाल स्तर, मापनयोग्य वार्षिक लक्ष्य, र आवास र / वा परिमार्जनहरू समीक्षा गर्न दिनको लागि विकास गरिएको छ।

7. के म मिटिंगलाई अडियो रेकर्ड गर्न सक्छु?
    - गर्न सक्नुहुन्छ तर अभिभावकले कम्तिमा एक पार्टी / IEP टिमको सदस्यलाई मीटिंगमा अडियो रेकर्ड गरिनेछ भन्ने बारेमा सूचित गराउनुपर्दछ, Tenn. Code Ann. § 39-13-601.

8. के मुख्य IEP सहभागीहरूले मिटिंगको बिचमा छोड्न सक्छन्?

- टिमको सदस्य मिटिंगमा उपस्थित नहुन वा मिटिंगबाट छिटो निस्कन अभिभावक द्वारा लिखित सम्झौताको आवश्यक हुन्छ। अभिभावकलाई मिटिंगमा उपस्थित नहुन वा छिटो निस्कनमा सहमति हुनको लागि अनुरोध गर्नु अघि केही शर्तहरू पूरा गर्नुपर्छ। यदि अभिभावक सहमत हुनुहुन्न भने, माथीको नम्बर २ को प्रावधान अनुसार नयाँ मिटिंग समय छनौट गरिनेछ; र यदि अभिभावक अघि निस्कनमा सहमत हुनुहुन्न भने, IEP मिटिंग अन्त्य हुनेछ र माथीको नम्बर २ को प्रावधान अनुसार एक पुनर्वेशन मिति निर्धारित गरिनेछ।

9. मेरो बच्चालाई कति पटक मूल्याङ्कन गर्नुपर्छ?

- विशेष शिक्षा सेवाको लागि योग्य हुने विद्यार्थीहरूलाई प्रत्येक न्यूनतम ३ वर्षमा पुन: मूल्याङ्कन गर्नैपर्छ, र कुन प्रकारको पुन: मूल्याङ्कन आवश्यक छ भन्ने बारे निर्धारण गर्न IEP टिमले पुन: मूल्यांकन सारांश पूरा गर्दछ |
- माध्यमिक अपांगताको संकेत निर्धारण गर्न, अर्को प्राथमिक अपांगता निर्धारण गर्न, प्रोग्राम योजनाको जानकारी प्रदान गर्न वा यदि विद्यार्थीले धेरै प्रगति गरेको छ भने विद्यार्थीलाई सेवा प्रदान जारी नगर्नको लागि पुन मूल्यांकन३ बर्ष भन्दा अघि हुन सक्छ।

10. यदि म हाल मूल्यांकन संग सहमत छैन भने के हुन्छ?

- यदि तपाइँ स्कूल द्वारा प्राप्त गरिएको तपाईंको बच्चाको मूल्याङ्कन सँग असहमत हुनुहुन्छ भने तपाइँलाई स्कूलको खर्चमा स्वतन्त्र शैक्षिक मूल्यांकन/Independent Educational Evaluation (IEE) प्राप्त गर्ने अधिकार छ, 34CFR§300.502।

11. यदि म IEP को सेवाहरु संग सहमत छैन वा मेरो बच्चाले सेवाहरु प्राप्त गरेको छैन भने ?

- यदि तपाई नयाँ IEP बनाउनका लागि मिटिंगमा हुनुहुन्छ र सेवाहरुमा पार्टीहरु सहमत हुन सक्नुहुन्न भने तपाइँ मिटिंग बाट निस्कन सक्नुहुन्छ र तल प्रदानका गरिएको विकल्पहरू कोशिश गर्न सक्नुहुन्छ। यदि IEP पहिले नै लागू भई सकेको छ भने तपाईले IEP मिटिंगको लागि अनुरोध गर्न सक्नुहुन्छ र कुनै पनि समयमा आफ्नो चिन्ताहरु शेयर गर्न सक्नुहुन्छ | यदि कुनै संकल्प भएन भने, तल उल्लिखित तपाईंको प्रक्रियात्मक सुरक्षा व्यवस्थामा विवाद समाधान गर्न दिशानिर्देशहरू पालना गर्नुहोस्।
- यदि तपाईको बच्चाले सेवाहरु प्राप्त गरेको छैन भने यो कुरा IEP मिटिंगमा छलफल गर्नैपर्छ |
- कर्मचारी र संसाधनको कमी अभिभावकको समस्या होईन |

12. के म शैक्षिक लक्ष्यहरूको लागि प्रगतिलाई समर्थन गर्ने डाटा हेर्न अनुरोध गर्न सक्छु?

- अभिभावकहरुले IEP मा वर्तमान स्तरको शैक्षिक प्रदर्शन / लक्ष्यहरूको विकास गर्न प्रयोग गरिने प्रगति डाटा वा अन्य आकलनहरू समिक्षा गर्न अनुरोध गर्न सक्छन्।

13. के म IEP मिटिंग केहि कारणले गर्दा बिचमा छोड्न सक्छु र अर्को मितिमा पुन:अनुसूचित वा बनाउन सक्छु?

- अभिभावकहरुले कुनै पनि कारणले गर्दा IEP मिटिंग बिचमा छोड्न सक्नुहुन्छ |

14. के मैले IEP मिटिंगमा साईन गर्नु पर्छ ?

- पर्दैन | मिटिंगको अन्त्यमा, IEP सहभागी पानामा मिटिंगमा उपस्थित हुने सबैजनालाई आफ्नो नाम र मिति लेख्न आग्रह गरिनेछ | यदि अभिभावकहरु त्यस समयमा बाँकी सूचना सहमतिमा साइन गर्न अप्ठ्यारो मान्नु हुन्छन् भने, अभिभावकहरु त्यो पानामा साइन नगरी मिटिंग छोड्न सक्छन्।
- यदि दुई पक्षहरुमा सम्झौता भएन भने अभिभावकहरुलाई उचित प्रक्रिया फाईल गर्न अधिकार दिनको लागि IEP मा १४ दिन सम्म कुनै पनि परिवर्तनहरू गरिने छैन (र कुनै नयाँ सेवाहरू उपलब्ध गराइने छैन) | १५औं दिनमा स्कूलले IEP लाई प्रस्तावित रूपमा लागू गर्नेछ | Tennessee नियमहरु §0520-01-09-13.

15. उचित कानूनी प्रक्रिया (due Process) को लागि समय सीमा के हो?

- जब तपाइँले स्कूलको विरुद्ध लिखित उजुरी फाइल गर्नुहुन्छ त्यति बेलामा उचित कानूनी प्रक्रिया सुरु हुन्छ।
- अभिभावक र स्कूल जिल्ला मिटिंग नबस्ने भनेर लिखित रुपमा सहमत हुन्छन् वा औषधी प्रयोग गर्न सहमत नभए सम्म एक संसोधन मिटिंग उचित कानूनी प्रक्रियाको उजुरी प्राप्त गरेको १५ दिन भित्र हुनुपर्छ।

- यदि कुनै सम्झौता भएन भने एक उचित कानूनी प्रक्रिया सुनवाई/due process hearing लागू हुनेछ।
- सुनवाई अधिकारीको निर्णयको प्रतिलिपि ४५ दिनको समयरेखा भित्र प्रत्येक पक्षलाई मेल गर्नैपर्छ|
- सम्पूर्ण प्रक्रियाको समय सीमा सुनवाई लम्बाइमा भर पर्दछ|

यहाँ निहित कुनै पनि जानकारीहरु अभिभावकहरुले वार्षिक रुपमा प्राप्त गरिने Notice of Procedural Safeguards लाई प्रतिस्थापन गर्दैन र यसको प्रतिलिपि यो वेबपेजमा पाउनु सक्नुहुन्छ https://www.tn.gov/content/dam/tn/education/reports/331816_notice_proc_safeguards.pdf

थप जानकारीको लागि यहाँ जानुहोस्
https://www.tn.gov/content/dam/tn/education/special-education/sped_framework.pdf